# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क अर्घाखाँची
लुम्बिनी प्रदेश ,नेपाल

प.स २०७८/०७९
च.नं

दाश्रो पटक प्रकाशित मिति: २०७८/०५/१६

यस कार्यालयबाट आ.व.२०७८/०७९ को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (६१), ६४ र सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ६ अनुसूची ५ सोही ऐनको दफा ८ अनुसूची-७ बमोजिम यस नगरपालिकाबाट तपसिलमा उल्लेखित शिर्षकमा आय ठेक्का बन्दोवस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहनेगरी ईच्छुक व्यक्ति, फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आहवान गरिन्छ।

१. सिलवन्दी दरभाउपत्रको फाराम मिति २०७८/०५/३० गते सम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्वशाखा बाट रु १०००।(फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।यसका लागी नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी ,करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलगन गरी निवेदन दिनुपर्नेछ ।
२. कवोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ।अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
३. दरभाउपत्र दाखिला गर्ने मिति २०७८/०५/३१ गते दिनको १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।सोही दिनको १ बजे यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा प्रतिनिधिहरूको उपस्थितिमा खोलिने छ।दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
४. दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ।
५. कार्यालयबाट प्रमाणित नभएको रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
६. सिलवन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा.वा बैक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर वा तल उल्लेखित म्याद भएको बैक ग्यारेण्टी संलग्न हुनुपर्नेछ।
७. ठेक्का अवधि २०७९असार मसान्तसम्म हुनेछ।
८. न्यूनतम अंक देहाय बमोजिम रहेको र उक्त रकममा मुल्य अभिवृद्धि कर र अग्रिम आयकर समावेश गरिएको छैन।

प्रमुख प्रशासकीय अधिकृत

# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क अर्घाखाँची
लुम्बिनी प्रदेश ,नेपाल


प.स २०७८/०७९
च.नं

९. सम्झौताका शर्तहरु उल्लघंन भएमा कार्यालयले विचैमा पनि ठेक्का तोड्न सक्नेछ। यसरी ठेक्का तोडिएमा सो अवधिसम्मको बुझाउनुपर्ने दायित्वबाट उन्मुक्ति पाइने छैन। सबै रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

१०. ठेक्का सम्झौता गर्दा कवोल रकमको ५० प्रतिशत रकम दाखिला गरे पछी सम्झौता गरिने र बाँकी रकम २०७९साल वैशाख मसान्तसम्म यस कार्यालयमा दाखिला गरी सक्नुपर्नेछ। बाँकी रकमको बैक ग्यारेण्टी २०७९ साल आषाढ मसान्तसम्मको पेस गर्नुपर्ने र यस कार्यालयमा दाखिला गर्नु पर्ने रकम दाखिला गरी सके पछी मात्र बैंक जमानत फुकुवा गरिनेछ।

११. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित हुनेछ।

१२. ठेक्का सम्बन्धि अन्य शर्त तथा विस्तृत विवरण दरभाउपत्र साथ उपलब्ध गराईनेछ। अन्य जानकारीको लागि कार्यालय समयभित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१४. यस सम्बन्धमा कुनै जानकारी लिनु परेमा ९८५७०७६१११२ ९८५७०२८९८८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं राजस्व | कामको विवरण | न्यनतम अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर | विण्डवण्ड रकम | विण्डवण्ड मान्य अवधि |
|---|---|---|---|---|---|
| आ.१/ ०७८/७९ | जडीबुटी , कवाडी र जीवजन्तु कर संकलन तथा विक्रिका लागि | ७०००००। | १०००। | कवोल अंकको ५ प्रतिशत | ७५ दिन |
| आ.२/ २०७८/०७९ | विज्ञापन कर | २५००००। | १०००। | कवोल अंकको ५ प्रतिशत | ७५ दिन |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

☎०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np